**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०१ अप्रेल २०२४

समयः १८:५० – १९:०० बजे

**<u>प्रमुख समाचार</u>**

१. प्रधानमन्त्रि नरेन्द्र मोदीले भारतीय रिजर्व बैंकको ९० वर्ष पुरा भएको अवसरमा बोल्दै आगामी १० वर्षमा भारतलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन आवश्यक रहेको बताउनु भएको छ्य

२. आँधी र भारी वर्षाका कारण भएको विनाशपछि मुख्यमन्त्री ममता बनर्जी र राज्यपाल डा सीवी आनन्द बोसले जल्पाईगडीको भ्रमण गर्नु भएको छ।

३. राज्य सरकारद्वारा पुलिस सेवा पदक हरिश कुमार राई, सुरज लामा अनि किरण छेत्रीलाई प्रदान गरिएको छ।

४. अचानक हिमपातको कारण पूर्वी सिक्किमको कुपुप नजिकै गाडी पल्टिएर ४ पर्यटकहरु घाइते भएका छन्य घाइतेहरुलाई सेनाको त्रिशक्तिकोरका जवानहरु द्वारा उद्धार गरेर चिकित्सा सहायता पुराएको छ।

५. आईपीएल क्रिकेटमा आज मुम्बईको वानखेडे स्टेडियममा मुम्बई इन्डियन्स र राजस्थान रोयल्स बीच खेल हुनेछ। खेल साँझ ७ बजेर ३० मिनेट सुरु हुनेछ।

<u>संशो. प्रधानमंत्री मुम्बई</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी १० वर्षमा भारतलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन आवश्यक रहेको बताउनुभएको छ, यसो गराउनाले देशलाई विश्वव्यापी परिस्थितिले धेरै असर पार्न सक्तैन उँहाले भन्नुभयो । भारतीय रिजर्भ बैंकको 90 वर्ष पूरा भएको अवसरमा मुम्बईमा आयोजित कार्यक्रममा बोल्दै प्रधानमन्त्रीले भारतीय बैंकिङ क्षेत्रमा ठूलो परिवर्तन आएको र यो अनुसन्धानको विषय भएको बताउनु भएको छ ।पछिल्लो दशकमा उँहाको सरकार र रिजर्भ बैंकले चालेका कदमका कारण बैंकिङ क्षेत्र लाभको स्थितिमा रहेको उँहाले भन्नुभयो। उँहाले थप भन्नुभयो सरकारले सार्वजनिक क्षेत्रका बैंकहरूको पुनरुत्थानका लागि साढे तीन लाख करोड़ रुपियाँको पूँजी लगानी गरेको छ। उहाले भन्नुभयो, सार्वजनिक क्षेत्रका बैंकहरूको सकल गैर-निष्पादित सम्पत्ति, जुन 2018 मा लगभग 11.25 प्रतिशत थियो, गत वर्ष सेप्टेम्बरमा तीन प्रतिशत भन्दा कममा झरेको छ।श्री मोदीले भन्नुभयो दोहोरो ब्यालेन्स शीट समस्या अब विगतको कुरा हो भन्दै, बैंकहरूले अब 15 प्रतिशतको ऋण वृद्धि दर्ता गरिरहेका छन्। यी सबै उपलब्धिमा आरबीआईको महत्वपूर्ण भूमिका रहेको प्रधानमन्त्रीले बताउनुभयो ।

****** ० ******

**<u>जलपाईगुड़ी आँधी</u>**

हिजो आएको चक्रवाती आँधी र वर्षाले गर्दा जलपाइगगुड़ी र मयनागुडी प्रभावित भएको छ। यस आँधीको कारण जलपाईगुड़ी जिल्ला लगायत कुचबिहारका कैयन क्षेत्रहरू प्रभावित भएका छन्। कुचबिहारको २ नम्बर ब्लक को खेला मरीचबाढ़ी क्षेत्रमा आँधीका कारण कैंयन घरहरू क्षतिग्रस्त भएको खबर प्रकाश्मा आएको छ। धेरै जना घाईते समेत भएका छन्। अहिले सो क्षेहरूमा बिजुली सेपा ठप्पप गरिएको छ। यद्यपि प्रशासनले प्रभावित मानिसहरूका लागि हरेक व्यवस्था गरेको छ। बिहान खबर पाउनसाथ तृणमूल कंग्रेसका उम्मेद्वार जगदीशचन्द्र वर्मा बसुनिया , जिल्ल तृणमूल कंग्रेस अध्यक्ष

अभिजीत दे भौमिक घटनास्थल पुगी निरीक्षण गरेका छन्। हिजो आएको यस चक्रवाती आँधीमा परि ४ जनाको ज्यान गएको छ भने सय भन्दा बढ़ी घाईते भएका छन्। प्रधानमंत्री नरेन्द्र मोदीले यस आँधीमा परि ज्यान गुमाउने मानिसह प्रति शोक संवेदना प्रकट गर्नुभएको छ। श्री मोदीले पश्चिम बंगालको जलपाईगुड़भ मयनागुड़ी क्षेत्रका वर्तमान अवस्था बारे चिन्ता गर्नुभएको छ।

****** ० ******

**मुख्यमन्त्री-राज्यपाल**

आँधी र भारी वर्षाका कारण भएको विनाशपछि मुख्यमन्त्री ममता बनर्जी र राज्यपाल डा सीवी आनन्द बोसले उत्तर बंगालको भ्रमण गर्नु भएको छ। मुख्यमन्त्री ममता बनर्जी आइतबार राति जलपाईगुडी पुग्नु भएको थियो। उहाँले मृतकका परिवारलाई भेटेर अस्पताल गएर घाइतेसँग कुराकानी पनि गर्नु भयो। मुख्यमन्त्रीले आइतवार आँधीबाट प्रभावित जलपाईगुडी, मैनागुडीका सबै क्षेत्रको भ्रमण गर्नु भयो। आदर्श आचारसंहिता लागू भएकोले मुख्यमन्त्रीले आर्थिक क्षतिपूर्तिको बारेमा कुनै आधिकारिक घोषणा गर्नु भएन। राज्यपाल सीवी आनन्द बोस सोमबार बिहान जलपाईगुडी पुग्नु भएको थियो| राज्यपालले यस प्राकृतिक प्रकोपमा ज्यान गुमाउनेहरुका परिवारजनमा समवेदना प्रकट गर्नु भएको छ। राज्यपालले जलपाईगुडीमा आँधीका कारण जनधनको क्षति भएकोमा चिन्तित रहेको बताउनु भयो।

****** ० ******

असम असिनाबारी

आसामको धुबड़ी जिलाको बिलासीपाड़ा उप मंडलको विभिन्न क्षेत्रमा भीषण असिनाबारी अनि तेज आंधी चलीरहेको छ। यी क्षेत्रका मानिसहरु बिशाल आकारका असिना देखेर आचमित तथा चिन्तित देखिएका छन्|

स्थानीयहरुले बताएअनुसार लक्षीगंजमा एक किलो ओजनभन्दा अधिकको असिनाको साथ तेज आंधीको कारण अलग अलग क्षेत्रमा आतंक फैलिएको छ| प्राप्त जानकारी अनुसार आइतबार राति मौसममा परिवर्तन आएपछि स्थानीय मानिसमा हाहाकारको स्थिति भएको थियो।

असिनावृष्टि अनि तूफानको कारण घरहरुमा नुकसानी भएको छ भने रुखहरु अनि बिजुलीको खम्बाहरु उखेलिएको कारण यातायात अनि बिजुली आपूर्तिमा बाधा भएको छ।

****** ० ******

**अदातल केजरी वाल**

दिल्लीको एक अदालतले कथित आबकारी नीति घोटालासित सम्बन्‍धी धन शोधन मामिलामा आज दिल्लीका मुख्यमंत्री र आम आदमी पार्टीका संयोजक अरविन्द केजरीवाललाई यो महिनाको १५ तारिख सम्म न्यायिक हिरासतमा पठाईएको छ। प्रर्वतन निदेशालय ई.डी ले श्री केजरीवाललाई गए महिना २१ तारिख पक्राउ गरेको थियो। केजरीवाललाई , उहाँको ई.डी हिरासतको समय सीमा सामाप्त भएपछि आज राउज एवेन्यू तल्लो अदालतमा विशेश सीबीआई न्यायाधीश बाबेरी बावेजा समक्ष पेश गरियो। यस अघि गए महिना २२ तारिखको दिन तल्लो अदालतले उहाँलाई ६ दिनको लागि ई. डी हिरासतमा पठाएको थियो। पछि केजरीवालको हिरासतको अवधि थप ४ दिनको लागि बढ़ाईएको थियो।

****** ० ******

**दिलीप घोषलाई आयोगको टिप्पणी**

निर्वाचन आयोगले महिलाहरुको गरिमा बिरुद्ध अपमानजनक टिप्पणी गरेको कारण भारतीय जनता पार्टीका नेता दिलीप घोषलाई चेतावनी दिएको छ। घोषले राज्यकी मुख्यमंत्री ममता बनर्जीको बिरुद्ध आपत्तिजनक टिप्पणी गरेका थिए। आयोगले भनेको छ, घोषले निम्न स्तरको व्यक्तिगत आक्रमण गरेको अनि आदर्श आचार संहिताको उल्लंघन गरेको छ। घोषलाई आदर्श आचार संहिता अवधि सार्वजनिक बयानहरुमा सतर्कता अपनाउने चेतावनी पनि आयागले दिएको छ। घोषले एक वीडियोमा तृणमूल कांग्रेस प्रमुख तथा पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीको पारिवारिक पृष्ठभूमिमाथि खिसीपूर्ण बयान दिनु भएको थियो| तर पछि घोषले आफ्नो विवादास्पद टिप्पणीको लागि माफी माग्नु भएको थियो ।

****** ० ******

## राज्य पुलिस सेवा मेडल

आज जिल्ला पुलिस मुख्यालयमा विशेष कार्यक्रमको आयोजना गरेर तिन पुलिस अधिकारी अनि जवानहरूलाई राज्य सरकारद्वारा प्रदान गरिएको पुलिस सेवा पदक जिल्ला पुलिस अधिक्षक श्रीहरि पाण्डेको बाहुलीबाट प्रदान गरिएको छ। उक्त सेवा मेडल खास गरि राज्य  उच्च अधिकारीद्धारा प्रदान गरिने गरिएको थियो भने कोरोना अनि चुनावको कारण जिल्ला मुख्यालयमा नै पदक हस्तान्तरण गरीयो। राज्य पुलिस सेवा २०१८ को निम्ति अवकाश प्राप्त एस आई हरीश कुमार राई, २०२० को निम्ति एस आई सुरज लामा यसरी नै कस्टेबल किरण छेत्रीलाई २०२१ को निम्ति प्रदान गरियो। हरिश कुमार राइले लामो समय सम्म कालेबुङ पुलिसको सेवापछि अवकाश ग्रहण गर्नु भएको थियो। यसरी नै सुरज लामाले कालेबुङ ट्राफिक विभागमा सफलतापूर्वक कार्य गर्नुका साथै दुई पटक उहाँले  एमटिओमा सेवा प्रदान गर्नु भएको थियो। यसरी नै किरण छेत्रीले जिल्लापाल कार्यालयमा सेवा प्रदान गर्नु भएको थियो । जिल्ला पुलिस अधिक्षक श्रीहरि पाण्डेको बाहुलीबाट सम्मान प्रपकहरुलाई मेडल प्रशस्ति पत्र प्रदान गरियो।

****** ० ******

## प्रजातान्त्रिक मोर्चा तीनधारे

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा तीनधारे महानदी समष्टिको चुनाव कार्यालय घैयाबारीमा उदघाटन गरिएको छ। उक्त चुनाव कार्यालय तीनधारे महानदी समष्टिको सभासद नवराज छेत्री, समष्टि सभापति राजीव थापाको उपस्थितिमा घैयाबारी ग्राम पञ्चायत तीनको पञ्चायत प्रधान सुष्मा वाईबाको बाहुलीबाट उदघाटन गरिएको छ। उक्त समष्टी चुानव कार्यपालको उदघाटनपछि समष्टी स्तरीय चुनावी सभा पनि सम्पन्न भएको छ। सभालाई सम्बोधन गर्दै सभासद नवराज छेत्रीले सांगठनिक गतिविधि र हरेक क्षेत्रमा कमिटी यसपालीको चुनाव जित्ने दावी गर्नु भएको छ। अर्कोतिर पार्टीको भातृ संगठन हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियन तीनधारे महानदी समष्टी जोनल कमिटीको सभा तीनधारे चियाबारीमा सम्पन्न भएको छ। उक्त सभा राजेस तामाङको अध्यक्षता र ट्रेड युनियन खरसाङ महकुमा समितिको सदस्य सनबहादुर तामाङको सञ्चालनमा सम्पन्न भएको छ। उक्त सभा राजेस तामाङको अध्यक्षता र ट्रेड युनियन खरसाङ महकुमा समितिको सदस्य सनबहादुर तामाङको सञ्चालनमा सम्पन्न भएको छ। सभालाई ट्रेड युनियन खरसाङ महकुमा समितिको सभापति सागर गुरुङ, तीनधारे महानदी समष्टि जोनल कमिटीको सभापति गणु छेत्री, सभाध्यक्ष राजेस तामाङले सम्बोधन गरेका थिए।

****** ० ******

## सिक्किम

अचानक हिमपातको कारण पूर्वी सिक्किमको कुपुप नजिकै गाडी  पल्टिएर घायल बनेका पर्यटकहरु लाई  सेनाको त्रिशक्तिकोरका जवान हरु द्वारा तत्काल उद्धार गरेर  समयमै चिकित्सा सहायता पुराएकोले  पाँच पर्यटकको ज्यान बाच्न सक्यो । पूर्वी सिक्किमको  कुपुप नजिकै उचाइ क्षेत्र बाट गाडी खसेको थियो भने  त्रिशक्तिकोरका जवानहरुले तत्काल कार्य गर्दै प्रतिकूल मौसममा पनि घटनास्थलमा पुगेर घाइतेहरूलाई नजिकैको आर्मी पोस्टमा लगे। केही गम्भिर घाइते भएका पर्यटकहरुलाई आवश्यक चिकित्सा सहायता र राहत प्रदान गरिएको थियो ।पर्यटकहरूले सेनालाई  आवश्यकताको घडीमा उनीहरूको साथमा रहेको र उनीहरूको जीवन बचाउनको लागि धन्यवाद दिएका छन्।

****** ० ******

## बहुजन समाजबादी पार्टी; उम्मेद्वार दार्जिलिंग

उत्तर प्रदेशकी पूर्व मुख्यमन्त्री मायावतीको नेतृत्वमा रहेको बहुजन समाज पार्टीबाट आफ्नो नामाङ्कन पेश गर्न आएका फैजल अहमदले आफूलाई  तृणमूल कंग्रेसले धम्की दिने कार्य  गरेको  आरोप लगाउनु भएको छ, जसको लगत्तैपछि उहाँले दार्जीलिङ जिल्लापाल समक्ष सुरक्षा व्यवस्थाको लागि अपील गरेको बताउनु भएको छ। उहाँले आफ्नो उम्मेद्वारिताले तृणमूल कंग्रेसको भोट काटिने सम्भावना रहेको कारण नै आफूमाथि आज दार्जीलिङ जिल्लापाल कार्यालयमा नामाङ्कन पेश गर्ने समय धम्की दिने कार्य भएको बताउनु भएको छ। यसैबीच, उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीले गोर्खा जातिलाई केवल धोका दिने कार्य गरेको भन्नुहुदै लोक सभा चुनाव को निम्ति दार्जीलिंग संसदीय आसनबाट फैजल अहमदले आफ्नो नामांकन दर्ता गर्नु भएको छ।

****** ० ******

**विद्यार्थी शपथ ग्रहण समारोह**

पहाड़मा रहेको प्राथमिक पाठशालाहरूमा विद्यार्थीहरूको अभाव भईरहेको समय सोनादाको स्कट मिशन प्राथमिक पाठशालाको विद्यार्थी नानीहरूलाई लिएर शपथ ग्रहण समारोह सम्पन्न भएको छ। स्कट मिशन प्राथमिक पाठशाला सोनादामा 30 देखि 40 जना विद्यार्थीहरू रहेकोले विद्यार्थीहरूलाई विभिन्न ओहोदा प्रदान गरेर शपथ ग्रहण गराएका छन्। विद्यार्थीहरूलाई विभिन्न ओहोदाहरू जस्तै क्याप्टन, भाइस क्याप्टन र हाउस क्याप्टन बनाएर आज शपथ ग्रहण समारोह पनि सम्पन्न गरिएको छ। समारोहलाई शिक्षिका दिप्ती घिसिङले सञ्चालन गर्नु भएको थियो भने स्वागत सम्भाषण एमबी प्रधानले राख्नु भएको थियो। शपथ ग्रहण समारोह विषयमा पत्रकारहरूसित कुराकानी गर्नु हुदै स्कट मिशन प्राथमिक पाठशालाको प्रधान अध्यापक मेगनमणि थापाले पाठशालाका विद्यार्थीहरुमा जिम्मेवार बोध होस् भनि यस कार्यक्रमको आयोजना गरिएको जानकारी दिनु भएको छ।

****** ० ******

**पब्लिक स्पिक**

आकाशवाणीको साप्ताहिक कार्यक्रम 'पब्लिक स्पिक' मा आज राति को विषय- आयकर फिर्ता प्रक्रियाको सरलीकरण हुनेछ। आयकर आयुक्त धर्मवीर सिंहले दर्शकहरुको प्रश्नको जवाफ दिनुहुनेछ। श्रोताहरूले आयकर विवरण, नयाँ र पुरानो कर प्रणाली र अन्य सम्बन्धित विषयहरूमा प्रश्नहरू सोध्न सक्षम हुनेछन्।श्रोताहरूले यी टेलिफोन नम्बरहरूमा आफ्ना प्रश्नहरू सोध्न सक्नु हुनेछ - 0 1 1 - 2 3 4 2 1 0 5 0 र 0 1 1 - 2 3 3 1 4 4 4 4। श्रोताहरुले आफ्ना प्रश्नहरू व्हाट्सएपमा पनि पठाउन सक्नुहुन्छ। नम्बर हो- 9 2 8 9 0 9 4 0 4 4। यो कार्यक्रम अकाश्वानीको गोल्ड च्यानल र अतिरिक्त मिटरमा राति ९ बजेर ३० मिनेट देखि सुन्न सकिन्छ। यो वेबसाइट NEWS ON AIR DOT GOV DOT IN र आकाशवाणीको YouTube च्यानल NEWS ON AIR OFFICIAL मा पनि उपलब्ध हुनेछ।

****** ० ******

**आईपीएल**

आईपीएल क्रिकेटमा हिजो राति विशाखापट्टनममा दिल्ली क्यापिटल्सले चेन्नई सुपर किंग्सलाई २० रनले पराजित गरेको छ। आज मुम्बईको वानखेडे स्टेडियममा मुम्बई इन्डियन्स र राजस्थान रोयल्स बीच म्याच हुनेछ। खेल साँझ ७ बजेर ३० मिनेट सुरु हुनेछ।

****** ० ******